लागु औषध सहित
मानिस पक्राउ

# प्रेस विज्ञप्ति- ३२२

# Press Release- 322

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ ।
मिति: २०७९।११।०२ गते ।

## लागु औषध कारोवारमा संलग्न ४ थाई नागरिक, २ भारतिय नागरिक र ७ नेपाली नागरिक गरी जम्मा १३ जना मानिसहरु पक्राउ:

बिशेष सुचनाका आधारमा निरन्तर निग्रानी पश्चात नियन्त्रित लागु औषध बुप्रेनोर्फिन, डाईजेपाम र फेनारगन एम्पुलहरु, लागु औषध खैरो हेरोईन तथा त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलको डिपार्चर कक्षवाट थाईल्याण्ड तर्फ निकासी गर्न लागेको अबस्थामा लागु औषध चरेश सहित थाई नागरिकहरुलाई पक्राउ गरी निम्न ब्यक्तिहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप गरी अनुसन्धान भईरहेको ।

### अप्रेशन नम्वर : १

**नियन्त्रित लागु औषध एम्पुल २०,३००, नाईट्राभेट ट्याब्लेट १२,९५० र नगद रू. ४,१७,०००।–सहित ६ जना ब्यक्तिहरु पक्राउ :**

**उपत्यका प्रहरी कार्यालय रानीपोखरीबाट प्राप्त सुचनालाई बिश्लेषण गरी निरन्तर निग्रानी पश्चात नियन्त्रित लागु औषध एम्पुल सहित पक्राउ गरिएको ब्यक्तिहरुको बिबरण :-**

१. मिति २०७९।१०।२४ गते का.जि.का.म.न.पा. वडा न.-२१ दलाछी टोल स्थितमा रहेको डेराकोठाबाट जिल्ला सोलुखुम्बु, माप्यदुधकोशी गा.पा. वडा न.-४ ठेगाना भएका बर्ष ३५ का **लाक्पा शेर्पालाई नियन्त्रित लागु औषध बुप्रेनोर्फिन, डाईजेपाम र फेनारगन एम्पुल २०,३०० पिस, नाईट्राभेट १२,९५० ट्याब्लेट र नगद रू. ४,०५,०००।-** सहित पक्राउ गरिएको। निज लाक्पा शेर्पा २०७० असार ७ गते हात हतियार मुद्दामा पक्राउ परी ३ बर्ष कैद भुक्तान गरी छुटेको ।

२. थप अनुसन्धानको क्रममा मिति २०७९।१०।२५ गते का.जि.का.म.न.पा. वडा न.-२२ सुन्धारा स्थित सडक किनारवाट लाक्पा शेर्पालाई विक्री गरेको लागु औषध बापतको रकम लिन भारत मधुवनीबाट काठमाण्डौ आएका **देश भारत, बिहार राज्य मधुवनी जिल्ला खौना मार्ग-४ ठेगाना भएका भारतिय नागरिक** बर्ष ३८ का **फैज अहमद**लाई पक्राउ गरिएको ।

३. मिति २०७९।१०।२६ गते जिल्ला धनुषा, औरही गा.पा.-३ कपटोल स्थित सडक किनारवाट जनकपुर देखी काठमाण्डौ सम्म सवारी साधन ब्यबस्था गरी लागु औषध एम्पुल लुकाई पठाउने जिल्ला धनुषा औरही गा.पा.-३ कपटोल ठेगाना भएका बर्ष २९ का **रिहासद भन्ने अयान रेजा** लाई धनुषावाट पक्राउ गरिएको ।

४. मिति २०७९।१०।२६ गते जिल्ला धनुषा, औरही गा.पा.-३ कपटोल स्थित सडक किनारवाट जनकपुर देखी काठमाण्डौसम्म लागु औषध लुकाईएको गाडीमा सँगै आई लागु औषध एम्पुलहरु लाक्पा शेर्पालाई दिने जिल्ला धनुषा औरही गा.पा.-३ कपटोल ठेगाना भएका बर्ष ४५ का **जाकिर नदाफ** लाई धनुषावाट पक्राउ गरिएको ।

५. मिति २०७९।१०।२७ गते का.जि.का.म.न.पा. वडा न.-१६ बालाजुवाट लाक्पा शेर्पासँग लागु औषध एम्पुल खरिद गर्दै आएका जिल्ला काभ्रेपलाञ्चोक भुम्लु गा.पा. वडा न.-४ ठेगाना भएका बर्ष २४ का **दिपक तामाङ**लाई नगद **रु. ६,०००।-** सहित पक्राउ गरिएको ।

६. मिति २०७९।१०।२७ गते का.जि.का.म.न.पा. वडा न.-२२ काठमाण्डौ मलबाट लाक्पा शेर्पासँग लागु औषध एम्पुल खरिद गर्दै आएका जिल्ला नुवाकोट शिवपुरी गा.पा. वडा न.-८ ठेगाना भएका बर्ष २९ का **लक्ष्मण बखती**लाई **नगद ६,०००।-** सहित पक्राउ गरिएको ।

## अप्रेशन नम्वर : २

**लागु औषध चरेश २३.८ के.जी. सहित ४ जना थाई नागरिकहरु पक्राउ :**

मिति २०७९।१०।२८ गते का.जि.का.म.न.पा. वडा न. ९ गौचर स्थित त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलको डिपार्चर कक्षमा थाई लाईन एयरलाईन्सको उडानद्वारा काठमाण्डौबाट थाईल्याण्डको बैकक जान लागेका निम्न थाई नागरिकहरुको गतिबिधी शंकास्पद देखिएकोले निजहरुले साथमा ल्याएको लगेज चेकजाँच गर्ने क्रममा लगेज भित्र फल्स वटम बनाई लुकाई ल्याएको लागु औषध चरेश २३.८ के.जी. बरामद गरी निम्न उल्लेखित थाई नागरिकहरुलाई पक्राउ गरिएको।

**पक्राउ परेका थाई नागरिकहरुको बिबरण :-**

१. थाई नागरिक पासपोर्ट नम्वर AB 3680626 बाहक बर्ष ४८ की YAOWALUK JUABSRI.

२. थाई नागरिक पासपोर्ट नम्वर AD0281373 बाहक बर्ष ४२ की PARICHART PUMPRUK.

३. थाई नागरिक पासपोर्ट नम्वर AD0230958 बाहक बर्ष २५ का NATTAPOL TREECHAIYA.

४. थाई नागरिक पासपोर्ट नम्वर AD0219331 बाहक बर्ष १९ की NATNAREE TREECHAIYA.

## अप्रेशन नम्वर : ३

**लागु औषध खैरो हेरोईन ३९ ग्राम र डिजिटल तराजु थान - १ सहित २ जना ब्यक्तिहरु पक्राउ :**

**पक्राउ परेका ब्यक्तिहरुको बिबरण :-**

१. मिति २०७९।१०।२७ गते का.जि.का.म.न.पा. वडा न.-९ सिनामंगल स्थित एक होटलवाट जिल्ला मोरङ लेटाङ न.पा. वडा न.-२ ठेगाना भएका बर्ष ३४ का **रोशन रिसाल**लाई **लागु औषध खैरो हेरोईन १ ग्राम र डिजिटल तराजु थान- १** सहित पक्राउ गरिएको।

२. थप अनुसन्धानको सिलसिलामा रोशन रिसालको साथवाट बरामद लागु औषध खैरो हेरोईन बिक्री गरेका जिल्ला मोरङ केरावारी गा.पा. वडा न.-३ ठेगाना भएका बर्ष ३५ का **अमित श्रेष्ठ**लाई ऐ. मितिमा का.जि.का.म.न.पा. वडा न.-३२ कोटेश्वर स्थित अर्को एक होटलबाट **लागु औषध खैरो हेरोईन ३८ ग्राम** सहित पक्राउ गरिएको।

## अप्रेशन नम्वर : ४

**लागु औषध खैरो हेरोईन १२ ग्राम, डिजिटल तराजु थान १ र नगद ६ हजार सहित १ जना ब्यक्ति पक्राउ :**

**पक्राउ परेका ब्यक्तिको बिबरण :-**

१. मिति २०७९।१०।२९ गते का.जि.का.म.न.पा. वडा न.-३२ कोटेश्वर स्थित एक होटलवाट **देश भारत, बिहार राज्य मधुवनी जिल्ला जयनगर, हथलेटेवा वडा न. -४ ठेगाना भएका भारतिय नागरिक** बर्ष ३२ का **श्रवण कुमार महरा**लाई **लागु औषध खैरो हेरोईन १२ ग्राम, डिजिटल तराजु थान- १ र नगद ६ हजार** सहित पक्राउ गरिएको।

## नोट :-

**बरामद लागु औषधको अवैध बजार मुल्य अन्दाजी : ५१,४१,९००(एकाउन्न लाख एकचालिस हजार नौ सय)**

- **बरामद लागु औषध एम्पुलको अवैध बजार मुल्य प्रति एम्पुल रु. १६८ को दरले २०,३०० एम्पुल को अ. मुल्य रू. ३४,१०,४००।–**
- **बरामद लागु औषध नाईट्राभेट ट्याब्लेटको अवैध बजार मुल्य प्रति ट्याब्लेट रु ३० को दरले १२,९५० ट्याब्लेटको अ. मुल्य ३,८८,५००।–**
- **बरामद लागु औषध चरेशको अवैध बजार मुल्य प्रति के.जी. रू. ३५,००० को दरले २३.८ के.जी. को अ. मुल्य रु. ८,३३,०००।-**
- **बरामद लागु औषध खैरो हेरोईनको अवैध बजार मुल्य प्रति ग्राम रू. १०,०००।- को दरले ५१ ग्रामको अ. मुल्य रु. ५,१०,०००।–**

**प्रवक्ता/ सूचना अधिकारी**
**(नारायण रंन्जितकार)**
**प्रहरी नायव उपरीक्षक**
**मोबाईल नम्बर : ९८५११३२७४३**







dare
to be
different

